पहिलो बैठक

# पाँचखाल नगरपालिकाको आ.व. २०८१/८२ को आय व्ययको प्रस्तावित अनुमान

आदरणीय नगरसभाका अध्यक्ष तथा नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारी वर्ग, पत्रकार मित्र तथा आम उपस्थित व्यक्तित्वहरु ।

यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अतुलनीय योगदान पुर्याउदै ज्यानको आहुती दिने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाईते, अपाङ्गता भएका तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै लोकतान्त्रिक, गणतन्त्र स्थापनमा उहाँहरुले पुर्याउनुभएको योगदान प्रति आभार व्यक्त गर्दछु ।

संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए अनुसार पाँचखाल नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय-व्यय प्रस्तुत गर्न यस गरिमामय सभामा उभिएको छु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनप्रणाली स्थापना सँगै स्थानीय तहका सार्वभौम जनताले अनुमोदन गरी पठाएको उप्रमुखको हैसियतले सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०८१/८२ को कार्यपालिकाबाट स्वीकृत आय व्यवको विवरण प्रस्तुत गर्दछु ।

नगरसभाका अध्यक्ष एवं सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८१/८२ को लागि संसोधन सहितको अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकार, प्रदेश सरकार एवं पाँचखाल नगरपालिकाको कुल ९५,९१,७५,००० (अक्षरुपी पन्चानब्बे करोड एकानब्बे लाख पचहत्तर हजार रुपैया मात्र) व्यय हुने अनुमान गरेको छु । जसमध्ये चालु (प्रशासनिक) खर्च १५,००,००,०००/- (अक्षरुपी पन्ध्र करोड) र पुँजीगत तथा कार्यक्रम खर्च ४२,३५,९८,०००/- (अक्षरुपी बयालिस करोड पैतिस लाख अन्ठानब्बे हजार मात्र), शशर्त योजना कार्यक्रम/समपुरक/विषेश तर्फ ३८,५५,७७,०००/- (अक्षरुपी अठ्तीस करोड पचपन्न लाख सतहत्तर हजार मात्र) रुपैंया विनियोजन गरेको छु ।

| बजेटको खर्च अनुमान | |
|---|---|
| प्रशासनिक/चालु | १५,००,००,०००/- |
| आ.व. २०८०/८१ को दायित्व, टेन्डर मात्र | १,८५,८०,०००/- |
| आ.व. २०८०/८१ को दायित्व, उपभोक्ता समिति र अन्य | ००/- |
| विपद् व्यवस्थापन कोष | ५०,००,०००/- |
| नगरस्तरीय आकस्मिक योजना | १,००,००,०००/- |
| संघीय समपुरक योजना | १,०५,००,०००/- |
| प्रदेश समपुरक योजना | ३,००,००,०००/- |
| अन्य समपुरक म्याचिङ | १,००,००,०००/- |
| आकस्मिक मर्मत सम्भार कोष | ५०,००,०००/- |

| | |
|---|---|
| नगरस्तरीय योजना तथा कार्यक्रम | २०,३३,००,०००/- |
| वडास्तरीय योजना तथा कार्यक्रम | ५,२०,००,०००/- |
| विषयगत/क्षेत्रगत/शाखागत कार्यक्रम | ७,५२,००,०००/- |
| **जम्मा खर्च** | **५६,९५,९८,०००/-** |
| **जम्मा पुँजीगत /कार्यक्रम खर्च** | **४२,३५,९८,०००/-** |
| **प्रशासनिक/चालु** | **१५,००,००,०००/-** |
| **शशर्त योजना/कार्यक्रम/समपुरक/विशेष** | **३८,५५,७७,०००/-** |
| **कूल जम्मा** | **९५,९१,७५,०००/-** |

उल्लेखित खर्च व्यहोर्न देहय बमोजिमका स्रोतहरुको व्यवस्था मिलाइएको छ ।

| **बजेटको स्रोत अनुमान** | |
|---|---|
| संघिय सरकार सशर्त अनुदान | ३१,००,१७,०००/- |
| संघिय सरकार विशेष अनुदान पुँजीगत | ०० |
| संघिय सरकार समपुरक अनुदान पुजीँगत | १,०५,००,०००/- |
| प्रदेश सरकार सशर्त अनुदान | २,८०,६०,०००/- |
| प्रदेश सरकार विशेष अनुदान | ७०,००,०००/- |
| प्रदेश सरकार समपुरक अनुदान पुजीँगत | ३,००,००,०००/- |
| सडक बोर्ड | ४०,००,०००/- |
| बाँडफाँड नहुने (जम्मा) | ३८,९५,७७,०००/- |
| संघिय सरकार राजश्व बाँडफाँड | १०,६६,००,०००/- |
| संघिय सरकार समानीकरण अनुदान | १२,४४,००,०००/- |
| प्रदेश सरकार समानीकरण अनुदान | १,२५,४८,०००/- |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ९,०३,२५,०००/- |
| अल्या समेत | १०,५०,००,०००/- |
| आन्तरिक स्रोत | ४,४०,००,०००/- |

| | |
|---|---|
| विविध स्रोत | ८६७२५०००/- |
| बाँडफाँड योग्य (जम्मा) | ५६,९५,९८,०००/- |
| **कुल बजेट** | ९५,९१,७५,०००/- |

अन्त्यमा,

नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा क्रममा सहभागितामुलक योजना तर्जुमा प्रकृयाका सबै चरणहरुमा सहभागी हुनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्बद्ध सबै पक्षबाट बिगत वर्षहरुमा झै निरन्तर सकारात्मक सल्लाह सुझाव, सहयोगको अपेक्षा गर्दै वार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनुहुने सबै पदाधिकारी, विषयगत शाखा, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद दिन चाहान्छु । साथै योजना तथा कार्यक्रमको बजेट रकम सहितको विस्तृतीकरण सभा समापनका दिन प्रस्तुत गरिने जनाकारी गराउदै गरिमामय सभामा उपस्थित सबै महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै पाँचखाल नगर कृषि शहरको अनुभूति सबै क्षेत्रबाट हुने आशाका साथ पाँचखाल नगरपालिकाको पन्ध्रौ नगरसभामा पेश गरेको संसोधन सहितको आय-व्यय तथा कार्यक्रमको प्रस्तुती यहीं अन्त्य गर्दछु ।

धन्यवाद ।

सुर्यमाया दनुवार

उपप्रमुख

२०८१/असार /३१ गते